बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय मरिण

मरिण गा.पा.-७
कपिलाकोट, सिन्धुली

**चिरान काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**
**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०१/०९)**

यस कार्यालयबाट विभिन्न मुद्दामा बरामद भई यस कार्यालयको कम्पाउण्ड (मरिण गा.पा. ७ कपिलाकोट सिन्धुली) मा रहेको तपसिलमा उल्लेखित लट नं. १,२ र ३ को साल जातको चिरान काठ थान ११३ को १०८.८५ क्यु.फि. (गोलियामा परिणत गर्दा जम्मा १५२.३९ क्यु.फि.) काठ स्थायी लेखा नम्बर (PAN) वा (VAT) मा दर्ता भई सालबसाली नविकरण गरेका र वन नियमावली २०७९ को नियम २५ (३) र नियम १२८ अनुसार सूचीकृत भएका उद्योगले लिलाम बिक्री भएको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम २५ (३) र नियम १२८ अनुसार सूचीकृत भएका उद्योगले यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालय र वन निर्देशनालय, बागमती प्रदेश हेटौंडा, मकवानपुरबाट बोलपत्र खरिद गरी तपसिल बमोजिमको शर्तको अधिनमा रही दर्ता दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. वन पैदावारको विवरणः

| वन पैदावारको | | | | | | | मुल्याङ्कन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट नं | जात | किसिम | थान | परिमाण क्यु.फि. | गोलियामा लैजाँदा हुन आउने परिमाण क्यु.फि. | न्युनतम | उत्पादन लागत खर्च | |
| १ | १ | साल | चिरान | ३० | ३२.७१ | ४५.७९ | ५७,२३८ | १४,४२३/८५ | वन अधिकृत याम कुमार श्रेष्ठ समेतका कर्मचारीहरुको जाहेरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी बागमती प्रदेश सिन्धुली जिल्ला हरिहरपुरगढी गाउँपालिका वडा नं. १ बस्ने वर्ष २९ को बुद्ध बहादुर गोलेसमेत जना-२ (दुई) भएको विना ईजाजत साल जातको काठ ओसारपसार गरेको मुद्दा नं ०८१/८२-०१ को मिति २०८२/१०/१४ मा भएको फैसला अनुसार बरामद भएको साल जातको थान ३० को ३२.७१ क्यु.फि. चिरान |

सुचना अधिकारीः ९८५४०४८७००, कार्यालय प्रमुखः ९८५४०२०१९०
ईमेलः marindivision@gmail.com, mardfo.mofe@bagamati.gov.np, **website:** http:// http://dfomarin.bagamati.gov.np

CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | काठ (गोलियामा परिणत गर्दा जम्मा ४५.७९ क्यू.फि.) |
| २ | २ | साल | चिरान | ११ | २४ | ३३.६ | ४२,००० | १०,५८४ | वन अधिकृत गणेश पुरी समेतका कर्मचारीहरुको जाहेरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी बागमती प्रदेश मकवानपुर जिल्ला बकैया गा.पा.वडा नं ७ हात्तिखोला वस्ने वर्ष ३० को राजेश लामिछाने समेत जना-३ (तीन) भएको विना ईजाजत साल जातको काठ ओसार-पसार गरेको फौजदारी मुद्दा नं २०८२/०८३-०१ को मिति २०८२/११/११ मा भएको फैसला अनुसार वरामद भएको साल जातको थान ११ को २४ क्यू.फि.चौकोस चिरान (गोलियामा परिणत गर्दा जम्मा ३३.६ क्यू.फि.) |
| ३ | ३ | साल | चिरान | ७२ | ५२.१४ | ७२.९९६ | ९१,२४५ | २२,९९३/७४ | प्रहरी चौकी क्यानेश्वरका प्र.स.नि. श्री हरिचन्द्र कुमार ठाकुर समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिल्ला सिन्धुली हरिहरपुरगढी गाउँपालिका वडा नं. ०७, पन्चचौडी वस्ने वर्ष ३४ का राजकुमार घिमिरे वि.क समेत भएको अवैध साल जातको चिरान काठ ओसारपसार गरेको मुद्दा नं. २०८२/०८३-०२ को यस कार्यालयबाट मिति २०८२/०६/०७ मा वन ऐन २०७६ को दफा ६५ वमोजिम भएको आदेशानुसार मुद्दाको अनुसन्धानको क्रममा वरामद भएको साल जातको चिरान काठ थान ७२ को ५२.१४ क्यू.फिट काठ (गोलियामा परिणत गर्दा जम्मा ७२.९९६ क्यू.फि.) |

२. बोलपत्र खरिद गर्ने मिति र समय

(क) अन्तिम मितिः २०८३/०१/२९ गते (ख) समयः कार्यालय समय

*सुचना अधिकारीः ९८५४०४८७००, कार्यालय प्रमुखः ९८५४०२०१९०*
*ईमेलः marindivision@gmail.com, mardfo.mofe@bagamati.gov.np,* ***website:*** *http:// http://dfomarin.bagamati.gov.np*

CamScanner

३. बोलपत्र फाराम प्रति लटको रु १००० पछि फिर्ता नहुने गरी राजश्व शीर्षक नं १४२२९, डिभिजन वन कार्यालय मरिणको कार्यालय कोड ३२९०१२५१४३ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ र यस कार्यालय वा वन निर्देशनालय वागमती प्रदेश हेटौंडाबाट गोरखापत्र राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र खरिद गरी २२ औं दिनको १२ बजे सम्म यस कार्यालय वा वन निर्देशनालय, वागमती प्रदेश हेटौंडामा दर्ता गर्नुपर्ने छ ।

४. खरिद गरिएको वोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम प्रदेश लेखा ईकाई कार्यालय सिन्धुली (को.ले.नि.का.) को रा.बा. बैंक सिन्धुलीमा रहेको खाता नं १०६०१००२०२०३०००० ख-२-३ को धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

५. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६. लिलाम हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्दी स्थलमा गई हेर्न सकिने छ । प्रत्येक लटको छुट्टा छुट्टै खामबन्दी गरी लाहा छाप लगाई बोलपत्र पेश गर्नु पर्नेछ ।

७. लिलाममा भाग लिने क्रममा वोलपत्र फारम खरिद गर्दा तथा शिलबन्दी वोलपत्र बुझाउँदा वन नियमावली २०७९ को नियम २५(३)अनुसार र नियम १२८ वमोजिम सूचीकृत भएका काठ दाउरामा आधारित उद्योगले मात्र खरिद गर्न सक्नेछन् । उक्त उद्योगले आयकर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्वर भएको प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, फर्म नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपी तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहितको कागजात वोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू श्री वन निर्देशनालय, मकवानपुर हेटौंडा बाट वोलपत्र परे नपरेको जानकारी प्राप्त भए पश्चात काष्ठ व्यवसायी वा निजको प्रतिनिधि र अन्य साक्षीहरुको रोहवरमा खोलिने छ । काष्ठ व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्रहरु खोल्न बाधा पुग्ने छैन ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेको कुरा लाई मान्यता दिइने छ ।

१०. छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरि पेश गर्नु पर्नेछ ।

११. तोकिएको समय भित्र सकार रकम, मूल्य अभिवृद्धि कर, कटान मुछान खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिने छ ।

१२.बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१३. उपरोक्त बाहेक अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. बोलपत्र खरिद, दर्ता दाखिला वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन खरिद,दर्ता दाखिला वा खोलिने कार्य गरिनेछ ।

१५. अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।



CamScanner